नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ४६०

मितिः- २०८१/०२/०२

ने.सं. ११४४ बछलाथ्व ७

विषयः- आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

राष्ट्रिय किसान आयोगको च.नं. २७० मिति २०८१/०१/२१ को पत्र र राष्ट्रिय किसान आयोगको कृषि कर्जा सम्बन्धी निर्णयको निर्णय नम्बर ११ र १५ आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)

शाखा अधिकृत

**बोधार्थः**

श्री राष्ट्रिय किसान आयोग, कीर्तिपुर, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं

संघीय मा.म.

दर्ता नं.:- ४३००

दर्ता मिति:- १/२३

पत्र संख्याः २०८०/८१

च नं- २६०

नेपाल सरकार राष्ट्रिय किसान आयोग कितिपुर, काठमाडौं

मितिः२०८१/०१/२१

ने.सं. ११४४ चौलागा १०

विषयः आयोगको निर्णय कार्यान्वयनका लागि पत्राचार सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाडौं।

प्रस्तुत विषयमा मिति २०८१/०१/१६ गतेको यस आयोगको ५०औं बैठकको "कृषि कर्जा सम्बन्धमा गरिएको निर्णय" यसै पत्र साथ संलग्न गरी निर्णय नं.११ र १५ कार्यान्वयनका लागि सबै स्थानीय तहमा पत्राचार गरिदिन अनुरोध छ।

स्थानीय तह समन्वय शाखा

पत्राचार ...

१/२४

...........................
डा.रामनन्दन तिवारी
(सदस्य सचिव)

राष्ट्रिय किसान आयोगको ५० औं बैठकको छलफल तथा निर्णयहरुः

छलफल तथा निर्णयहरुः

प्रस्ताव नं. १ः कृषि कर्जा सम्बन्धमा ।

कृषि क्षेत्रमा कृषि कर्जा प्रवाहमा कृषकको पहुँच वृद्धिका समस्याहरु पहिचान गरि समाधानका उपायहरु सम्बन्धमा मिति २०८०/११/११ आयोगको सभाहलमा कृषि कर्जामा कृषकको पहुँच सम्बन्धि सरोकारवाला निकायहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको र उक्त अन्तरक्रिया कार्यक्रमबाट प्रास सुझावका आधारमा देहायका विषयमा सम्बोधनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

सम्बोधन गरिने विषयहरुः

१. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को दफा ३.३ मा किटान गरिएका कृषि उत्पादन क्षेत्रहरुमा कृषि व्यवसाय ऋण सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी तथा नीजि क्षेत्रको सहकार्यमा एकिकृत रुपमा सुनिश्चित गरिने छ भन्ने विषयलाई कार्यान्वयन गर्नेगरी एकिकृत कोष निर्माणका लागि आधिकारीक बैंक तोकिई प्रभावकारी ढंगले संचालन गर्नुपर्ने ।

२. कृषि क्षेत्रले राज्यको कुल ग्राहस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान पुर्‍याउनुका साथै यो क्षेत्र राज्यको प्राथमिकता क्षेत्र समेत भएको हुनाले यस क्षेत्रमा बैंकहरूबाट अनिवार्य १५ प्रतिशत लगानी गर्ने नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने ।

३. सहुलियत कृषि कर्जामा दिइदै आएको व्याज अनुदानलाई निरन्तरता दिइनु पर्ने र सरकारको लगानी दोब्बर वृद्धि गरिनु पर्ने ।बैंकहरुबाट सहुलियत दरको कृषि कर्जा प्रवाह गर्दा उत्पादन वा प्रशोधनउद्योग / कुन क्षेत्र हो एकिन गरीउत्पादन क्षेत्रमा कुल लगानीको २ तिहाई कर्जा प्रवाह गर्नु पर्ने । सहुलियत पूर्ण कृषि कर्जा कार्यक्रममा साना, न्यून मध्यम तथा मध्यम किसान केन्द्रित गरिनु पर्ने ।

४. सम्पूर्ण बैंक तथा वित्तिय संस्थाका शाखाहरुबाट साना, न्यून मध्यम तथा मध्यम किसानलाई केन्द्रीत गरी कृषि कर्जाको प्रभावकारी प्रवाह हुनु पर्ने।यसका साथै लघुवित्त तथा सहकारीबाट समेत सहुलियतपूर्ण कृषि कर्जा प्रवाह हुने व्यवस्था हुनुपर्ने ।

५. सिमान्तकृत, विपन्न, न्यून मध्यम तथा मध्यम किसानका लागि न्यूनतम २ प्रतिशत ब्याजदरमा कृषि कर्जा उपलब्ध गराइनु पर्ने ।

६. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धि एकिकृत कार्यविधि,२०७५ को दफा १ मा भएको बैंक तथा वित्तिय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रदान गर्दा १० लाख रूपैया सम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमिनका आधारमा र त्यस भन्दा बढी कर्जाकोलागि व्यवसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

७. यसका साथै कृषि ऋण प्रवाह गर्दा समेत व्यवसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुनु पर्ने ।

८. कृषि व्यवसाय प्रर्वद्धन नीति, २०६३ को दफा ३.९ कृषि व्यवसायमा कर्जा लगानी गर्दा कृषि व्यवसायवाट आय प्राप्त हुन सक्ने (Gestation Period) सम्भावनाका आधारमा कर्जा भुक्तान हुने व्यवस्था गरिने छ भन्ने नीतिगत व्यवस्था अनुसार नै बाली वा पशु बस्तुको उत्पादन भई प्रतिफलको आधारमा कृषि कर्जाको भुक्तानी तालिका सहितको लगानी गर्नुपर्ने ।

९. बैंकहरूबाट कृषि क्षेत्रमा लगानी भएका कर्जाहरूमा यदि हर्जाना साँवासँग जोड्ने गरिएको छ भने त्यस्तो व्यवस्था सुधार गरी हर्जानालाई साँवामा नभई व्याजमै हिसाव मिलान गर्ने व्यवस्था सहितको नीति बनाई लागु गर्नुपर्ने ।

१०. किसानहरूबाट पटक पटक आएको गुनासोमा बैंकको कागजात र प्रक्रिया झंझटिलो भएको भन्ने आएकोमा यसको समाधानमा बैंकहरूको नियामक निकाय नेपाल राष्ट्रबैंकले सरल र सजह रूपमा किसानले बुझ्नेगरी कागजात र प्रक्रिया सहज गर्नु पर्ने । बैंकहरूमा कृषि कर्जा सहजिकरणका लागि एक छुट्टै हेल्प डेस्कको स्थापना गर्नुपर्ने ।

११. कृषि सम्बन्धि प्रदेशका जिल्ला स्थित कार्यालय तथा स्थानीय तहका कृषि तथा पशुपन्छी विकास शाखामा कार्यरत कर्मचारीहरूको कार्य जिम्मेवारीमा किसानलाई कृषि कर्जा तथा बीमा कार्यक्रम संचालनमा सहजिकरण गर्ने गरी तोक्नका लागि सम्वन्धित निकायहरुलाई अनुरोध गर्ने ।

१२. बैंकहरूबाट कृषक वा व्यवसायिले कर्जा लिदाको वखतको व्याजदर स्थिर नभई बढ्ने जोखिमबाट किसान वा व्यवसायिलाई संरक्षण गर्ने गरी बैंकहरूले नीतिगत सुधार गर्नुपर्ने ।

१३. पहिचानका आधारमा व्यवसायिक ठुला कृषकका लागि कृषि कर्जाको सिमा १० करोड सम्म पुऱ्याउने र भुक्तानि अवधि ५ वर्षको हुनु पर्ने तथापि कृषिका कतिपय क्षेत्रमा भएका लागानिको प्रतिफल ढिला प्राप्त हुने हुनाले वस्तुपरक तथा यथार्थको आधारमा भुक्तानि अवधि थप ५ वर्ष नविकरण हुनु पर्ने ।

१४. दैवी प्रकोप अथवा महामारीजन्य रोगका कारण कृषि व्यवसायमा भएको क्षतिको मूल्याङ्कन गरी त्यस्ता किसान वा कृषि व्यवसायीहरूलाई पुनः कर्जाको व्यवस्था मिलाउनका लागि सरोकारवालासँग छलफलगरी तत्काल कार्यक्रमहरू बनाइनुपर्ने ।

१५. कृषि कर्जाको प्रभावकारी सदुपयोगको लागि प्रत्येक स्थानीय तहमा स्तरमा सम्बन्धित स्थानिय तहको प्रमुखको संयोजकत्वमा समन्वय तथा अनुगमन समिति गठन गरिनु पर्ने तथा कृषि ऋणको प्रभावकारिताको बारेमा अनुगमन गरी वार्षिक रुपमा नेपाल राष्ट्र बैंक तथा सम्बन्धित मन्त्रालयलाई प्रतिवेदन बुझाउने व्यवस्था गर्नु पर्ने ।

१६. किसान सूचिकरण कार्य यथाशीघ्र सम्पन्न गरी किसान वर्गिकरण गरी किसान परिचय पत्र वितरण गरिनु पर्ने । कृषि कर्जा र विमा कार्यक्रमलाई किसान परिचय पत्र सँग आवद्ध गरिनु पर्ने ।

सदस्य सचिव